प्रस्तावहरुः

१. विद्यालय लेखापरीक्षण कार्यविधि सम्बन्धमा ।
२. बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा।
३. लागत अनुमान स्विकृत गर्ने सम्बन्धमा।
४. विविध ।
   - ज्येष्ठ नागरिक तथा बाल उधान व्यवस्थापन सम्बन्धमा ।
   - बाल उद्यान निर्माण र व्यवस्थापन कार्य सम्बन्धमा ।
   - सडक सरसफाईको रकम भुक्तानी सम्बन्धमा।
   - बालुवा लिलामी सम्बन्धमा।
   - धौलागिरी हिमालको पदयात्राको विकास कार्यको लागि समपुरक कोषबाट लागत साझेदारी गर्ने सम्बन्धमा।
   - अपाङ्ग संघ म्याग्दी कार्यक्रम संचालन सहयोग सम्बन्धमा।
   - पूर्वाञ्चल गन्धर्व सास्कृतिक उत्थान समाज सहयोग सम्बन्धमा
   - विपद् बाट क्षति लाई राहत सम्बन्धमा।
   - धौलागिरी दिवस मनाउने सम्बन्धमा।

**निर्णयहरू**

**१.** प्रस्ताव नं. १ माथी छलफल गर्दा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको लेखापरीक्षणलाई थप व्यवस्थित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालय शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार एवम् धवलागिरी गाउँपालिका स्थानीय शिक्षा ऐन, २०७६ को दफा ५९ (२) ले दिइएको अधिकार प्रयोग गरी **विद्यालय लेखापरीक्षण कार्यविधि, २०८२** स्विकृत गर्ने निर्णय गरियो।

**२.** प्रस्ताव नं. २ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाको कृषि, पशुपंक्षि तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि गाउँसभाबाट स्विकृत तथा स्थानिय तहमा शसर्त वित्तिय हस्तान्तरण मार्फत हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउनका लागि स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले दिइएको अधिकार प्रयोग गरी **बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** स्वीकृत गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आर्थिक वर्षको स्विकृत वार्षिक कार्यक्रम अनुदार निम्न योजना तथा कार्यहरुको लागत अनुमान स्विकृत गर्ने निर्णय गरियो।

क. ताकम-हिलापोखरी हुँदै सोलवाङ मोटरबाटो निर्माणको लागि गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान वापतको रकम रु ६० लाख र गाउँपालिकाको समपुरक कोषबाट रु ४० लाख खर्च हुने गरि उक्त सडकको जम्मा रु १ करोडको लागत अनुमान स्विकृत गरि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

ख. संघीय सरकारबाट सशर्त अनुदान अन्तर्गत म्याग्दी जिल्ला धौलागिरी गाँउपालिका वडा नं १ गुर्जाखानि छन्त्याल वस्ती सुधार कार्यक्रम अन्तर्गत पूर्वाधार स्तरोन्नति कार्यको रु २५ लाखको लागत अनुमान स्विकृत गरि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

ग. चालु आ.व.को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिका स्तरीय योजना भेडिखाल्टा मोटरबाटो निर्माणको रु ३० लाखको लागत अनुमान स्विकृत गरि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

घ. संघीय सरकारबाट हस्तान्तरीत विषेश अनुदान अन्तर्गतको मुना गाउँभित्र ढल निर्माण योजनाको रु ६९ लाखको लागत अनुमान स्विकृत गरि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

**ङ.** चालु आ.व.को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं १ को वडा स्तरीय योजना फ्रि वाइफाइ जडानको लागि नेपाल टेलिकम बागलुङबाट पेश भएको लागत अनुमान स्विकृत गरि लागत अनुमान बमोजिमको कार्य अगाडि बढाउन गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. **विविध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।**

**क.** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत बाल उधान निर्माण तथा व्यवस्थापन कार्यको लागि रु १० लाख एवम् ज्येष्ठ नागरिक तथा बाल उधान व्यवस्थापनको लागि रु १० लाख बजेट विनियोजन भएको हुँदा उक्त दुवै कार्यक्रम कार्यान्वयन गर्ने वडा एवम् स्थान छनोट गर्न सामाजिक विकास समितिलाई अधिकार प्रदान गर्ने साथै सामाजिक विकास समितिले वडा एवम् स्थान छनोट गरे पश्चात खरिद तथा निर्माणको कार्य अगाडी वढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

**ख.** धवलागिरी गाउँपालिका क्षेत्रभित्र बाढिपहिरो लगायतका मनसुनजन्य विपद्का कारण क्षति भई अवरुद्ध भएका तथा तत्काल मर्मतसम्भार र सरसफाई गर्नुपर्ने सडक सञ्चालन तथा विपद् व्यवस्थापन कार्यका लागि मिति २०८२।०६।०२ श्री माछापुच्छ्रे निर्माण सेवा सँग भएको सम्झौता बमोजिम भएको मोटरबाटो मर्मतसम्भार र सरसफाई कार्यको अभिलेख राखि प्राविधिक कर्मचारी र वडा अध्यक्षले प्रमाणित गरी वडा समितिको बैठकबाट निर्णय गराई भुक्तानीको लागि

तपशिल बमोजिम गाउँकार्यापालिकाको कार्यालयमा पेश हुन आएबमोजिमको सडक मर्मतसम्भार तथा सरसफाई सम्पन्न भएको हुँदा उक्त कार्य फरफारक गरि पेश भएबमोजिमको रकम रु. ६०,०१,९८१.६७ श्री माछापुच्छ्रे निर्माण सेवालाई भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**तपशिलः**

| वडा नं. | खर्च रकम | कैफियत |
|---|---|---|
| १ | ७,४५,६६४.४० | |
| २ | ११,०८,०५९.६९ | |
| ३ | १०,२२,०५९.६९ | |
| ४ | २,८९,८८७.७१ | |
| ५ | ११,२५,३२१.०१ | |
| ६ | ९,८५,७०८.३८ | |
| ७ | ७,२५,१६.४३ | |
| **कुल जम्मा** | **६०,०१,९८१.६७** | |

**ग.** धवलागिरी गाउँपालिकाका उपाध्यक्ष श्री रेशम पुन मगरको संयोजकत्वमा मिति २०८२/०७/२८ गते म्याग्दी खोलाको विभिन्न स्थानमा अनुगमनका क्रममा अवैध रुपमा संकलन गरि राखिएको अवस्थामा ५६०४६ क्यू. फिट वालुवा फेला परेको हुँदा उक्त वालुवा गण्डकी प्रदेश आर्थिक ऐन २०८२-८३ मा उल्लेखित दररेट प्रति क्यु. फिट रु ७ मा रु २ थप गरि जम्मा रु ९ (प्रति क्यु. फिट) न्युनतम दर कायम गरि लिलाम बढाबढका आधारमा १५ दिने सूचना प्रकाशन गरी लिलामी गर्ने निर्णय गरियो।

घ. नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयबाट धौलागिरी हिमालको पदयात्राको विकासको लागि धौलागिरी हिमालको आधार शिविर तथा सर्किट पद मार्गको मुदि-इटालियन वेसक्याम्प हुँदै जापानिज क्याम्प बीचमा पदयात्रा मर्मत सम्भार तथा निर्माणको लागि रु २५ लाख विनियोजन भएको तथा गाउँपालिकाबाट रु ८,३३,३३३.३३ म्याचिङ्ग फण्ड विनियोजन हुनुपर्ने भनि लेखि आएको हुँदा गाउँपालिकाको समपुरक कोषमा विनियोजन बजेटबाट रु ८,३३,३३३.३३ खर्च लेख्ने गरि नेपाल पर्यटन बोर्डमा प्रस्तावपत्र पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने निर्णय गरियो। साथै उक्त बजेटबाट पदमार्ग मर्मत सम्भार र निर्माण गर्दा मुदी देखि इटालियन वेसक्याम्प खण्डको मुदी गाउँबाट सुरु गर्ने निर्णय गरियो।

ङ. अपाङ्ग संघ म्याग्दीले ३४ औं अन्तराष्ट्रिय अपाङ्गता दिवसका अवसरमा कार्यक्रम सञ्चालन गर्नका लागि आर्थिक सहायताको प्रस्ताव पेश हुन आएको हुँदा अन्य सामाजिक सहायता शिर्षकबाट रु १५०००।— आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

च. पूर्वाञ्चल गन्धर्व सांस्कृतिक उत्थान समाजले बृहत गन्धर्व सांस्कृतिक अभियान कार्यक्रम यस गाउँपालिकामा समेत सञ्चालन गरेको साथै उक्त अभियान लागि आर्थिक सहयोग पाउँ भनि निवेदन समेत पेश गरेको हुँदा धार्मिक तथा संघ संस्था सहायता शिर्षकबाट रु १००००।— आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

छ. विपद् बाट क्षति भई राहतका लागि वडा नं. ५ मल्कवाङबाट पेश भएका निवेदकहरुलाई प्रहरी मुचुल्का वा वडा मुचुल्का मध्ये एक मुचुल्का सहित अन्य आवश्यक कागजात पेश गरेका विपद पिडितहरुलाई अधिकतम रु १५ हजार सम्म राहत उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ज. प्रथम पटक धौलागिरी हिमाल आरोहण भएको दिन सन् 1960 May 13 लाई आधारमा मानि प्रत्येक वर्ष **May 13** मा मनाउदै आइएको धौलागिरी दिवस यस वर्ष देखि धवलागिरी गाउँपालिका क्षेत्र भित्र नै मनाउने निर्णय गरियो । साथै सो सँग सम्बन्धित अन्य निकाय तथा संघसंस्थाहरुलाई समेत गाउँपालिकासँगको समन्वयमा धवलागिरी गाउँपालिका भित्र नै उक्त दिवस मनाउन अनुरोध गर्ने निर्णय गरियो।

झ. गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत रिक्त रहेको रोजगार संयोजक तथा HA पदमा सेवा करारबाट कर्मचारी पदपूर्ती गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ञ. न्युट्रिटिभ एग्रो इण्डष्ट्रिज, जलजला गाउँपालिका वडा नं ३ पर्वतले यस धवलागिरी गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानहरुमा स्थानीय सेरिना प्रजातिको मौरीपालनका लागि ३०० वटा मौरी गृह ( घार ) व्यवस्थापन गरि मौरीपालन गर्नका लागि अनुमती माग गरेको हुदाँ माग भए बमोजिम अनुमति प्रदान गर्ने निर्णय गरियो।

ट. २०८२ साल श्रावण महिनामा सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अध्यावधिक तथा नविकरणको क्रममा काठमाण्डौ, पोखरा र बेनीमा सञ्चालन गरिएको शिविरमा भएको खर्च रु.४०७४५०।- बराबरको पेश भएका सम्पुर्ण बिलभरपाइहरु कार्यालयको सिलसिलामा खर्च भएका हुँदा उक्त खर्च अनुमोदन गरि विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ठ. धौलागिरी साना किसान सहकारी संस्था सिवाङलाई आ.व. २०७६/७७ मा रु १३ लाख गाउँपालिकाबाट उपलब्ध गराएकोमा सोको अभिलेख हालसम्म अद्यावधिक नभएको हुँदा सम्पूर्ण अभिलेख अद्यावधिक गरि उक्त रकम फर-फारक गर्ने निर्णय गरियो।

ड. वर्षाको समयमा आकस्मिक रुपमा वडा नं. ४ मुदीको बगरमा बाटो सरसफाई, वडा नं. ६ मराङको पन्थोकमा जाली भर्ने तथा बुलमा बाटो सोलिङ गर्ने कार्यको प्राविधिक मुल्यांकन गरि मोटरबाटो सरसफाइ शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो।

ढ. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत जिल्ला प्रशासन कार्यालय, जिल्ला स्थित सुरक्षा सबै सुरक्षा निकाय, सामाजिक विकास कार्यालय लगायतका सम्बद्ध निकाय सँग समन्वय गरि मिति २०८२/०८/२४ गते वडा नं १ गुर्जामा सचेतनामूलक कार्यक्रम गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रममा सहभागि हुने सम्बद्ध निकायका प्रमुख तथा प्रतिनिधिहरुको लागि खाना, बसाई तथा यातायातको व्यवस्थापन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ण. मराङ स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी श्री खत कुमारी उपाध्यायले २०८२ पौष १ गते देखि लागू हुने गरि दिनुभएको स्वैच्छिक अवकास स्विकृत गर्ने निर्णय गरियो। साथै निजको अवकास पश्चात रिक्त हुने उक्त पदमा सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो।

त. मल्कवाङ स्वास्थ्य चौकीमा केन्द्रीय विद्युतीकरण नभएको तथा त्यहाँ रहेका सोलार व्याकप व्याट्री मर्मत नहुने बिग्रिएको कारण स्वास्थ्य सेवा प्रवाहमा समस्या उत्पन्न भएको हुदाँ तत्काल ४ वटा ब्याट्री खरिद गरि जडान गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

थ. गाउँ कार्यापालिकाको भदौ ४ गतेको बैठकको निर्णय बमोजिम वडा नं. ५ मल्कवाङ स्थित लघुजलविद्युत आयोजना मर्मत सम्पन्न भई भुक्तानी समेत भई सकेको हुदाँ उक्त मर्मत कार्य फरफारक गरि उक्त खर्च अनुमोदन गर्ने निर्णय गरियो।

द. गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सहायक आन्तरीक लेखापरीक्षक अधिकृत तिलक शंकर पौडेलको सेवाकालिन तालिम अवधिको काज स्विकृत गरि नियामानुसार प्राप्त गर्ने सुविधा कर्मचारी तालिम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।